सर्वोच्च अदालत
काठमाडौं

## सर्वोच्च अदालतबाट जारी गरिएको
## सूचना

यस अदालतको मिति २०७७।०४।०८ को सूचनाको बुँदा नं. २ मा "नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०४।०५ को निर्णयको आधारमा लामो वा छोटो दूरीका निजी तथा सार्वजनिक यात्रुवाहक सवारी साधन एक जिल्लाबाट अर्को जिल्लामा र आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई उडान २०७७ भाद्र १ गतेदेखि सञ्चालन हुने सन्दर्भमा अन्य जिल्लामा रहेका अदालत वा न्यायिक निकायमा हदम्याद, म्याद तारिखमा उपस्थित हुनुपर्ने अवस्थाका सेवाग्राहीहरू २०७७ भाद्र १ गतेदेखि बाटाको म्याद बाहेक ३० दिनभित्र उपस्थित हुन" भनी सूचना प्रकाशित भएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०४।२६ को निर्णयले उपरोक्तबमोजिम सार्वजनिक यातायातका साधन मिति २०७७।०५।१६ गतेदेखि मात्र सञ्चालन हुने भएबाट अन्य जिल्लामा रहेका अदालत वा न्यायिक निकायमा हदम्याद, म्याद, तारिखमा उपस्थित हुनुपर्ने अवस्थाका सेवाग्राहीको २०७७ भाद्र १६ गतेदेखि बाटाको म्यादबाहेक ३० दिनभित्र उपस्थित हुनुपर्ने गरी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मिति : २०७७।०४।३२

देवेन्द्र ढकाल
उप रजिस्ट्रार